देवघाट गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक मितिः२०८१।११।०५ गते सोमबार बैठक समयः बिहान ११:०० बजे

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

बैठक संख्याः १०-२०८१/०८२ स्थानः गाउँ कार्यपालिकाको कार्यालय

उपस्थितिः

क्र.स.	नाम थर	पद	हस्ताक्षर	कैफियत
१	श्री तिल बहादुर थापा	गा.पा.अध्यक्ष		
२	श्री भुवन सिं गुरुङ	गा.पा.उपाध्यक्ष		
३	श्री मनि राज गुरुङ	१ नं. वडाअध्यक्ष		
४	श्री मीन बहादुर राना मगर	२ नं. वडाअध्यक्ष		
५	श्री टेक बहादुर आले	३ नं. वडाअध्यक्ष		
६	श्री मित्र लाल गुरुङ	४ नं. वडाअध्यक्ष		
७	श्री पूर्ण बहादुर कुँवर	५ नं. वडाअध्यक्ष		
८	श्री बाल कुमारी परियार	कार्यपालिका सदस्य		
९	श्री हुम माया खान	कार्यपालिका सदस्य		
१०	श्री यम माया गुरुङ	कार्यपालिका सदस्य		
११	श्री मन माया वि.क.	कार्यपालिका सदस्य		
१२	श्री गंगा सिं वि.क.	कार्यपालिका सदस्य		
१३	श्री बाबुराम परियार	कार्यपालिका सदस्य		
१४	दिनेश सारु	सदस्य सचिव		
अन्य उपस्थिति				
१.	तीर्थराज ढुङ्गाना	इन्जिनियर		
२	शारदा पौडाल	ले.ब.		
३.	[illegible]	[illegible]		
४.	गोविन्द पुन पाँडेल	[illegible]		

प्रस्तावहरुः

प्रस्ताव नं.१ : समीक्षा सम्बन्धमा।

प्रस्ताव नं.२ : आ.व. २०८२।०८३ को लागि समपूरक तथा बिशेष अनुदान छनौट सम्बन्धमा।

प्रस्ताव नं.३: अन्य विविध।

निर्णयहरुः

निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो । साथै देवघाट गाउँपालिकाको चालू आ.व. को हालसम्मको आय व्यय बारे जानकारी गराई खर्च सार्वजनिकिकरण गरियो ।

निर्णय नं.२ : प्रस्ताव नं २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगद्धारा मिति २०८१।१०।१६ मा सार्वजनिक सूचना प्रकाशन गरि आ.व.२०८२।०८३ मा सञ्चालन गरिने योजना तथा कार्यक्रमको लागि प्रस्ताव आव्हान गरेकोमा देहायबमोजिम हुने गरि योजनाहरु माग गर्ने निर्णय सर्वसम्मत गरियो ।

समपूरक अनुदान तर्फ

१. कोटा लिफ्टिंग सिंचाइ आयोजना ।
२. छिपछिपे-नरम-करौंदिप तथा शालिग्राम करिडोर जाने सडक पूर्वाधार ।
३. झोलुंगे पुल-क्षेत्री टोल हुँदै मूल सडक (सागर बोटेको घर) सम्म जाने सडक कालो पत्रे गर्ने कार्य ।

बिशेष अनुदान तर्फ

१. क्वादी खानेपानी आयोजना ।
२. वडा नं. २, ३ र ४ मा थोपा सिंचाइ प्रणाली,प्लाष्टिक पोखरी र प्लास्टिक टनेल कार्यक्रम ।
३. कालिगंगा मा वि घेराबार योजना ।

निर्णय नं.३ : प्रस्ताव नं ३ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

क. मगर समुदायको बाहुल्यता रहेको देवघाट गाउँपालिकामा मिति २०८१ साल फागुन १५ गते पर्ने राष्ट्रिय मगर एकता दिवसको उपलक्ष्यमा हर्षोल्लासका साथ मनाउनको लागि सिंगो गाउँपालिका भर सार्वजनिक बिदा दिने निर्णय गरियो ।

ख. यस देवघाट गाउँपालिका स्थित पवित्र देवघाटधामको कृष्णगण्डकी नदिको घाटमा सुविधासम्पन्न व्यवस्थित शवदाह गृहको अभाव भएकोले विभिन्न कठिनाई उत्पन्न भएकोले सुविधासम्पन्न शवदाह गृह निर्माणको लागि संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय लगायत सम्बन्धित निकायमा आवश्यक बजेट प्रवन्धको लागि माग तथा पत्राचार गर्ने निर्णय गरियो ।

ग. यस देवघाट गाउँपालिका क्षेत्र भएर बग्ने पवित्र कालीगण्डकी नदि डाईभर्सन गर्ने योजना बनिरहेको सन्दर्भमा कालिगण्डी नदि र देवघाट बिचको पवित्र,धार्मिक तथा पौराणिक सम्बन्धमा कालीगण्डकी बचाउ अभियान गर्ने सन्दर्भमा मिति २०८१ फागुन १३ गते सो कार्यक्रममा सहजीकरण गर्ने निर्णय गरियो ।

घ. यस देवघाट गाउँपालिकाको गाउँपालिका स्तरिय खेलकुद मैदान कोटा खेल मैदानको निर्माण कार्य बजेट अभावका कारण हालसम्म पनि सम्पन्न हुन नसकेकोले सो को सम्पन्नताको लागि राष्ट्रिय खेलकुद परिषद लगायतका सम्बन्धित निकायलाई आवश्यक बजेट प्रबन्धको लागि माग तथा पत्राचार गर्ने निर्णय गरियो ।

ङ. यस देवघाट गाउँपालिकामा घ बर्गको निर्माण व्यावसायीको इजाजत पत्र जारी गर्ने सम्बन्धमा पेश भएको तपिशल बमोजिमको निर्माण व्यावसायीलाई देवघाट गाउँपालिकाको घ वर्गको निर्माण व्यावसायीको इजाजतपत्र सम्बन्धी कार्यविधी २०७४ (संशोधन समेत) अनुरुप आवश्यक पर्ने कागजात संलग्न गरि तपशिलको फर्मलाई इजाजतपत्र जारी गर्ने निर्णय गरियो।

सि न	फर्मको नाम / ठेगाना	सम्पर्क व्यक्ती	सम्पर्क नं	कैफियत
१	सचिना कन्स्ट्रक्सन एण्ड सप्लायर्स /देवघाट- ४,तनहुँ	गणेश तिवारी	९८४५२२०२३७	

च. देवघाट गाउँपालिका वडा नं १ कोटामा चितवन हस्पिटल प्रा.लि. को प्राविधक सहयोगमा मिति २०८१।११।१७ गते एक दिने निशुल्क स्वास्थ्य शिविर कार्यक्रम आयोजना गरिएको र सो को सञ्चालनार्थ खटिएका स्वयंसेवक तथा चिकित्सकलाइ खाना खाजाको लागि आर्थिक सहायता माग भएकोमा विविध खर्च शिर्षकबाट रु.पचास हजार रुपैयाँ मात्र नबढ्ने गरि उपलब्ध गराउने निर्णय गरियो ।

छ. यस गाउँपालिकामा सञ्चालित आयोजना Construction Of Devghat Rural Municipality Ward No 1 Office Building (NCB/DRM/BLDG/08/2079/080) को खरिद कार्य ठेक्का मार्फत बन्दोबस्त गरि हिमगंगा बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.,मध्यपुर ठिमि-१,भक्तपुर बिच सम्झौता भई कार्यान्वयनको प्रकृया सुरु भएकोमा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेपछि २०८१ फागुन मसान्तसम्म रहेको उक्त आयोजनाको म्याद २०८२ जेठ मसान्तसम्म थप गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

ज. यस देवघाट गाउँपालिकाको चालू आ.व.को स्विकृत बार्षिक बिकास कार्यक्रम अन्तर्गत मधुचन्द्र अधुरो कर्भडकल निर्माण गर्नको लागि रु. चालिस लाख रुपैयाँ मात्र। विनियोजन गरिएकोमा डिपिआर बमोजिम लागत अनुमान तयार गर्दा उक्त पूर्वाधार सम्पन्न गर्नको लागि थप रु. दश लाख रुपैयाँ अपुग भएकोमा उक्त पूर्वाधार सम्पन्न गर्नको लागि अपुग रकम रु.दश लाख रुपैयाँ गाउँपालिकाको आन्तरिक स्रोतको सम्बन्धित खर्च शिर्षकबाट ब्यहोर्ने गरि स्रोत सुनिश्चित गरि रु. पचास लाख रुपैयाँको लागत अनुमान बमोजिक खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो।

झ. यस देवघाट गाउँपालिका वडा नं ५ स्थित श्री देवघाट मगर जनउत्थान समाजले ४३ औ राष्ट्रिय मगर एकता दिवसको अवसरमा राष्ट्रिय तथा स्थानिय कलाकारको साथमा मगर समुदायको कला संस्कृतिको जर्गेना गर्दै स्थापना दिवस तथा सांस्कृतिक कार्यक्रम गर्न आर्थिक सहायता माग गरेकोमा देवघाट मगर तथा गुरुङ उत्थान समाजका लागि मगर दिवस कार्यक्रम (प्रदेश,स्थानिय,जिल्ला) खर्च शिर्षकबाट रु.दुई लाख रुपैयाँ मात्र उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

ञ. यस देवघाट गाउँपालिकाको बिकास तथा सुशासन योजनाबद्ध तवरले अगाडी बढाउने प्रयोजनार्थ निर्माण गरिने आवधिक योजना निर्माण कार्यको लागि कार्यक्षेत्र गत शर्त (TOR) तयार गरिएकोमा सो स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

दिनेश सारु
अधिकृत